नौमुले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमुले, दैलेख

कर्णाली प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्वन्धी सूचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०८३।०१।२९

नेपाल सरकार, फिनल्याण्ड सरकार / युरोपियन युनियन र यस नौमुले गाउँपालिकामा संचालित **सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना (SUSWA)** कार्यक्रम संचालन सहयोगका लागि आवश्यक तपसिल अनुसारका जनशक्ति खुल्ला प्रतिस्पर्धाबाट पदपुर्ति गर्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले वैयक्तीक विवरण र निवेदन सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८३/०२/०५) कार्यालय समय भित्र आवश्यक उल्लेखित कागजात र दस्तुर तिरेको भौचर रसिद सहित गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी आएको दरखास्त दर्ता गरिने छैन।

नि.प्रमुख प्रशासकीय अधिकृत

सुनिल कुमार महतो

नि. प्रमुख प्रशासकीय अधिकृत

### तपसिल:

| क्र.स. | विज्ञापन नम्वर | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | SUSWA-०१-२०८२/०८३ | खानेपानी सरसफाइ तथा स्वच्छता सहजकर्ता (WASH Facilitator) | सहायक पाचौ | १ (एक) |
| २ | SUSWA-०२-२०८२/०८३ | खानेपानी सरसफाइ तथा स्वच्छता सहजकर्ता (WASH Technician) | सहायक चौथो | १ (एक) |

### १. पद तथा आवश्यक न्यूनतम योग्यता र अनुभव सम्बन्धी विवरण

**क) खानेपानी सरसफाइ तथा स्वच्छता सहजकर्ता (बिज्ञापन न. SUSWA-०१-२०८२/०८३, आवश्यक संख्या:- १ (एक)**

- कम्तीमा जनस्वास्थ्य वा अन्य सम्बन्धित बिषयमा प्रविणता तह उतिर्ण प्रमाण पत्र उतीर्ण गरि ५ बर्ष खानेपानी सरसफाइ तथा स्वच्छता, सामुदायिक स्वास्थ्य र मर्यादित महिनावारि व्यवस्थापन क्षेत्रमा कार्य अनुभव भएको।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सिप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई बिशेष ग्राह्यता दिईने।
- अंग्रेजी र नेपालीमा राम्रो प्रतिवेदन लेखन सीप भएको

**ख) खानेपानी सरसफाइ तथा स्वच्छता प्राविधिक ( विज्ञापन नं. SUSWA-०२-२०८२/०८३ आवश्यक संख्या:- १ (एक)**

- नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्था बाट सिभिल इन्जिनियरिंग बिषयमा TSLC हासिल गरेको वा मान्यता प्राप्त तालिम केन्द्र बाट कम्तिमा ३० दिनको ग्रामिण खानेपानी तथा सरसफाइ योजना निमार्ण सम्बन्धि तालिम लिएको।

नौमुले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमुले, दैलेख
कर्णाली प्रदेश, नेपाल

- खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव र कम्तिमा ५ वटा प्राविटी खानेपानी प्रणालीमा काम गरेको
- दातृ निकायहरुको सयोगमा संचालित कार्यक्रमहरु/आयोजनाहरु र स्थानीय अन्तर्गत काम अनुभव भएकोलाई बिशेष ग्राह्यता दिइनेछ
- सामाजिक परिचालन र तालिम सहजिकरण सम्बन्धि सीप भएको ।
- अंग्रेजी र नेपालीमा राम्रो प्रतिवेदन लेखन सीप भएको

२. **दरखास्त दस्तुर र जम्मा गर्नु पर्ने खाताको विवरण**: खानेपानी सरसफाइ तथा स्वच्छता सहजकर्ता लागि रु ७०० **(सात सय मात्र)**, खानेपानी, सरसफाइ तथा स्वच्छता प्राबिधिकका लागि रु ५०० **(पाँच सय मात्र)** दस्तुर गाउँपालिकाको ए एम बि बैंक, नौमुले शाखा, दैलेख मा रहेको नौमुले गाउँपालिका आन्तरिक राजस्व खाता नं. १०४००७१७१२४०००७४ मा जम्मा गरेको सक्कल बैंक भौचर आवेदन साथ पेश गर्नु पर्ने छ।

३. **आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:** आवेदकको ब्यक्तिगत विवरण (बायो डाटा), नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र, काम संग सम्बन्धित अनुभवका प्रमाण पत्र, तालिम प्राप्त गरेका प्रमाण पत्रका प्रतिलिपि विवरण सहितको तयार पारि आवेदन साथ पेश गर्नु पर्नेछ । आबेदन को ढांचा यसै सुचना साथ संलग्न गरिएको छ ।

४. **छनौटको किसिम**: योग्यता क्रमको प्रारम्भिक सुची, लिखित परिक्षा र अन्तरवार्ता हुनेछ ।

५। विज्ञापन सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। फोन नं ९८४८११६५६०, इमेल-ito.naumulemun@gmail.com

..........................
सुनिल कुमार महतो
नि. प्रमुख प्रशासकीय अधिकृत